नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

visit Nepal 2020 Lifetime Experiences

## पाल्पा शाखा

### नेपाल बैंक लिमिटेडको पाल्पा शाखामा सिभिल र AC सहितको इलेक्ट्रिकल तथा नेटवर्किङ्ग कार्य गर्नको लागी दरभाउपत्र आव्हानको सूचना

**(दोश्रो पटक प्रकशित मिति २०७६/१०/०७)**

**दरभाउपत्र नं. : - NBL/SQ13/W076/77**

नेपाल बैंक लिमिटेडको पाल्पा जिल्ला स्थित हाल पाल्पा शाखा संचालन भईरहेको कार्यालय भवनमा ले-आउट परिर्वतन गरि मर्मत संभार लगायतका सिभिल तथा AC सहितको इलेक्ट्रिकल र नेटवर्किङ्ग कार्य गर्नको लागि अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । पाल्पा शाखामा रु.१,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको पाल्पा शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, पाल्पा शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) दरभाउपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाई धरौटी वापत पाल्पा शाखामा न्युनतम रु.२८,०००/- (अक्षरेपी अट्ठाईस हजार मात्र) नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको अन्य ‘क’वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड जमानत दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र बुझाउने अन्तिम मितिले ४५ दिनको हुनेछ ।

२) दरभाउपत्रदाता निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अघिल्लो आर्थिक बर्ष सम्मको आन्तिरक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको दरभाउपत्र फाराम नै (नियम एवं शर्त सुविधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

५) उपरोक्त कार्य, कार्य आदेश पाएको मितिले ३० दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण दरभाउपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।

दरभाउपत्र फाराम प्राप्त गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, पाल्पा शाखा ।
दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७६/१०/२१ गते मंगलबार कार्यालय समय भित्र ।
दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७६/१०/२२ गते बुधबार बिहान ११:०० वजे सम्म ।
दरभाउपत्र दाखिला गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, पाल्पा शाखा ।
दरभाउपत्र खोल्ने मिति :- २०७६/१०/२२ गते बुधबार दिउँसो १२:३० बजे नेपाल बैंक लिमिटेड, पाल्पा शाखा ।
बैंकको अनुमानित लागत :-
सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट सहित कूल जम्मा रकम **रु.११,०१,७४७/०८ (अक्षरेपी एघार लाख एक हजार सात सय सडचालिस र पैसा आठ मात्र ।)**

नोट : दरभाउपत्र खोल्ने दिन बिदा पर्न गएमा सो दिनको भोली पल्ट दरभाउपत्र खोलिनेछ । यो सुचना यस बैंकको Website:- www.nepalbank.com.np मा समेत हेर्न सकिने छ ।